# २०८१ जेठ ३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | स्थानीय जलवायु अनुकूलनसम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि फिनल्याण्ड सरकारबाट प्राप्त हुने १३ मिलियन यूरो अनुदान सहायता स्वीकार गर्ने। |
| २ | गृह मन्त्रालय | फौजदारी कसूर (कैद कट्टा)(तेस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| ३ | गृह मन्त्रालय | सङ्घीय संसदको प्रतिनिधि सभामा विचाराधीन रहेको राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिन स्वीकृति दिने। |
| ४ | परराष्ट्र मन्त्रालय | सिंगापुरमा कार्यक्षेत्र रहने गरी Ms. Helen Campos, इजरायलको रेहवोट शहरमा कार्यक्षेत्र रहने गरी Mr. Nadav Ben Yehuda, संयुक्त राज्य अमेरिकाको मासाचुसेट्स राज्यमा कार्यक्षेत्र रहने गरी श्री प्रह्लादवहादुर के.सी. र रुसी महासंघको सेन्ट पिटर्सवर्ग शहरमा कार्यक्षेत्र रहने गरी Mr. Y.V. Gusev लाई अवैतनिक वाणिज्यदूत पदमा नियुक्त गर्ने। |
| ५ | वन तथा वातावरण मन्त्रालय | काबेली-३ जलविद्युत आयोजना निर्माणको लागि ताप्लेजुङ जिल्लाको सिरीजङ्घा गाउँपालिकामा रहेको राष्ट्रिय वनको १.६५ प्रयोग गर्न स्वीकृति दिने। |
| ६ | वन तथा वातावरण मन्त्रालय | चिनो खोला जलविद्युत आयोजना निर्माणको लागि अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको मनाङ जिल्लाको नार्सों गाउँपालिकामा रहेको राष्ट्रिय वनको कूल जम्मा ५.९४१ प्रयोग गर्न स्वीकृति दिने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | ह्वासिन सिमेन्ट नारायणी प्रा.लि. लाई धादिङ जिल्लाको बेनीघाट, रोराङ्ग गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको ११.८ हेक्टर जग्गा चुनढुङ्गा उत्खनन् साथै खानी सञ्चालन गर्न स्वीकृति दिने। |
| ८ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | अन्तर्राष्ट्रिय श्रम संगठनको Global Coalition for Social Justice संयन्त्रमा नेपालको सहभागिताका लागि स्वीकृति प्रदान गर्ने। |
| ९ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा आगामी २०८१ साल जेठ २७ गतेदेखि असार १ |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौं

| | | |
|---|---|---|
| | | गतेसम्म माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने। |
| १० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | न्यूनतम पारिश्रमिक निर्धारण समितिको रिक्त अध्यक्ष पदमा श्री संगीता खड्का, काठमाडौंलाई नियुक्त गर्ने। |
| ११ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नायब सुब्बा श्री चिरीन्जीवी भुसाललाई कडा रोग लागि नियमित रुपमा सेवा गर्न असमर्थ भएकोले निजको सेवा अवधिमा बढीमा ७ वर्ष थप गरी अवकाश दिने। |
| १२ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवा पुरस्कार सिफारिस समितिमा खण्ड (ग) र खण्ड (घ) बमोजिम सदस्य तोक्ने। |
| १३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०८१ जेठ १३ देखि १९ सम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने World Health Assembly मा सहभागी हुन माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको नेतृत्वमा ३ सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| १४ | स्टाण्डर्ड नाप र तौल (छैटौं संशोधन) नियमहरू, २०८० स्वीकृत गर्ने। | |
| १५ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा श्री लोकनाथ पौड्याललाई बढुवा गरी मधेश प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |
| १६ | नेपाल कृषि वन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा श्री राजेन्द्रप्रसाद मिश्रलाई बढुवा गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिव (पशुपन्छी विकास) मा पदस्थापन गर्ने। साथै, सचिव डा. दीपककुमार खराललाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिव (कृषि विकास) मा सरुवा गर्ने। | |
| १७ | नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको रिक्त कार्यकारी अध्यक्ष पदमा प्रा. डा. लेखनाथ शर्मालाई नियुक्त गर्ने। | |
| १८ | वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने। | |